# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

## गभर्नर अधिकारी भारत सरकारद्वारा आयोजित 'No Money For Terror' विषयक सम्मेलनमा सहभागी

NMFT
2022 INDIA
'NO MONEY FOR TERROR'
3rd Ministerial Conference on Counter-Terrorism Financing
18th-19th November, 2022, New Delhi

गभर्नर महा प्रसाद अधिकारी २०७९ मंसिर २ देखि ३ गतेसम्म भारत सरकारले नयाँ दिल्लीमा आयोजना गरेको **"No Money For Terror (NMFT)**, *3rd Ministerial Conference on Counter-Terrorism Financing*" मा सहभागी भई मंसिर ३ गते स्वदेश फर्कनु भयो । उक्त सम्मेलनमा ६८ मुलुकका मन्त्री, प्रतिनिधिमण्डल र १५ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।




उक्त सम्मेलनको उद्घाटन भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले गर्नुभएको थियो । उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले आतङ्कवादका विरुद्धमा एकीकृत, ऐक्यबद्ध र शून्य सहनशीलताको अवधारणा अवलम्बन गर्नुपर्ने बताउनुभयो ।

दुई दिने सम्मेलनमा भारतका गृहमन्त्री अमित शाह, विदेश मन्त्री एस. जयशंकर, वित्त राज्यमन्त्री पंकज चौधरी र गृह राज्यमन्त्री नित्यनन्द रायले चारवटा सेशनको अध्यक्षता गर्नुभएको थियो । सम्मेलनमा सबै मुलुकका प्रतिनिधिमण्डलका प्रमुखहरूले सम्बोधन गर्नुभएको थियो । त्यसैगरी FATF, Egmont Group, IMF, Interpol, SAARC, Europol, Moneyval, लगायतका सङ्गठनका प्रमुख तथा प्रतिनिधिहरूले सम्बोधन गरेका थिए ।

नेपालको प्रतिनिधिमण्डलका प्रमुख गभर्नर महा प्रसाद अधिकारीले आतङ्कारी क्रियाकलापमा

वित्तीय लगानी निवारणका लागि नेपालले महत्वपूर्ण कार्यहरू गर्दै आएको बताउनुभयो । यसका लागि अन्तर्राष्ट्रिय मापदण्डहरूको अवलम्बन र असल अभ्यासलाई आत्मसात गर्दै आएकोमा यस्तो सम्मेलनले तय गरेको विश्वव्यापी प्रयासमा ऐक्यबद्धता प्रकट गर्नुभएको थियो । नेपाल पारस्परिक मूल्याङ्कनको क्रममा रहेकोले आन्तरिक रूपमा विभिन्न निकायहरूबीच समन्वय र सहकार्यमार्फत् आतङ्कवाद विरुद्ध सचेतना बढ्दै गएको र अन्तर्राष्ट्रिय रूपमा Egmont Group, Interpol र ARIN-AP जस्ता निकायहरूसँगको आवद्धता र सहकार्य बढ्दै गएको बताउनु भयो । नयाँ प्रविधिको दुरुपयोग हुन नदिनका लागि नेपाल सचेत रहेको बताउँदै आतङ्कवादका लागि वित्तीय स्रोतको प्रयोग हुन दिनबाट जोगाउन राष्ट्रिय समन्वय समिति, आतङ्कवाद समन्वय संयन्त्र, नियामक समन्वय संयन्त्र लगायत मन्त्रालय, विभाग र इकाईहरू क्रियाशील रहेको जानकारी गराउनु भयो ।




उक्त सम्मेलनमा नेपालको तर्फबाट गभर्नरज्यूको साथमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव धनराज ज्ञवाली, वित्तीय जानकारी इकाईका प्रमुख दीर्घबहादुर रावल र दिल्लीस्थित नेपाली दुतावासका प्रथम सचिव श्री विजयकुमार राउत सहभागी हुनु भएको थियो ।

२०७९ मंसिर ६
गभर्नरको कार्यालय ।